# प्रतापपुर गाउँपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी कामकाजमा खटाउने सम्बन्धी कार्यविधि, २०७९

प्रमाणित मितिः २०७९।०९।०५

## प्रतापपुर गाउँपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी कामकाजमा खटाउने सम्बन्धी कार्यविधि, २०७९

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ उपदफा (१) र प्रतापपुर गाउँपालिकाको शिक्षा ऐन, २०७७ को दफा ६५ को अधिनमा रही प्रतापपुर गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत सबै शिक्षक, कर्मचारी तथा बालविकास केन्द्रका सहजकर्ताहरुलाइ कामकाजमा खटाइ विद्यालयको प्रशासनीक र शैक्षिक सुधार गरी शैक्षिक गुणस्तर अभिबृद्धि गर्न गाउँ कार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ।

**१. सङ्क्षिप्त नाम, प्रारम्भ र प्रयोगः** (क) यो कार्यविधिको नाम "प्रतापपुर गाउँपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी कामकाजमा खटाउने सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

(ख) यो कार्यविधि प्रतापपुर गाउँपालिका भित्रका सामुदायिक विद्यालयका सबै प्रकारका शिक्षकलाई कामकाजमा खटाइ शिक्षण व्यवस्थापन गर्ने प्रयोजनमा लागु हुनेछ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(घ) यो कार्यविधि सामुदायिक विद्यालयका विद्यालयको कार्यालय सहयोगी, विद्यालय सहायक, बालविकास सहजकर्ता, प्राथमिक तहदेखि माध्यमिक तहसम्मका स्वीकृत दरबन्दी स्थायी, अस्थायी, करार, राहत, अनुदान कोटामा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई कामकाजमा खटाइ शिक्षक व्यवस्थापनका लागि प्रयोग हुनेछ।

**२. परिभाषाः**

(क) ऐन लाइ प्रतापपुर गाउँपालिकाको शिक्षा ऐन, २०७७ सम्झनुपर्छ।

(ख) "शिक्षा शाखा" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

(ग) "कार्यविधि" भन्नाले प्रतापपुर गाउँपालिकाको शिक्षक तथा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ बुझिनेछ।

(घ) "कामकाज" प्रतापपुर गाउँपालिका भित्रको शिक्षक दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन र शैक्षिक गुणस्तर सुधारको लागि शिक्षा समितिको निर्णयानुसार शिक्षा शाखाले कामकाजमा खटाउने (समयावधि तोकेर वा नतोकेर) र काज सरुवा समेतलाई बुझाउँछ।

**३. शिक्षक व्यवस्थापनका लागि कामकाजमा खटाउने आधारहरुः**

(१) गाउँपालिका क्षेत्रभित्र माध्यमिक र निम्नमाध्यमिक तहमा एक विद्यालयबाट अर्को विद्यालयमा समान तह र समान दरबन्दीको विषय मिल्ने भएमा स्थायी, अस्थायी, राहत आ-आफ्नो दरबन्दी सहित तथा विद्यालयमा समान वा फरक विषयमा दरबन्दी थप गरी वा नगरी प्रशासनीक व्यवस्थापन गर्नुपर्ने भएमा गाउँ शिक्षा समितिको निर्णयानुसार अर्को विद्यालयमा समयावधि तोकेर वा नतोकेर शिक्षकलाई कामकाजमा खटाउन सकिने। प्राथमिक तहको हकमा कुनै विद्यालयमा दरबन्दी रिक्त भएमा वा दरबन्दी थप्नु पर्ने भएमा गाउँ शिक्षा समिति वा कार्यालयको निर्णयानुसार कुनै पनि विद्यालयको शिक्षकलाई रिक्त दरबन्दीमा वा दरबन्दी सहित शिक्षा शाखाले कामकाजमा खटाउन तथा दरबन्दी मिलान गर्न वा सरुवा गर्न सक्नेछ।

(२) तोकिएको जिम्मेवारी तोकिएको समय अवधिभित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समिति वा प्रधानाध्यापकले सिफारिस गरेमा उपदफा १ वमोजिम कामकाजमा खटाउन सकिने।

(३) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक र दरबन्दी मिलान गर्ने क्रममा तोकिएको भन्दा बढी शिक्षक भएमा शिक्षा शाखाले दरबन्दी कम भएको विद्यालयमा कामकाजमा दरबन्दी सहित काजमा खटाउन वा सरुवा गर्न सक्नेछ। साथै दुबै विद्यालयको व्यवस्थापन समितिको निर्णय अनुसार पदस्थापन गर्न तथा सहमति नभएमा शिक्षा समितिको निर्णयानुसार पदस्थापन गर्न सकिनेछ।

(४) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षक वा कर्मचारीलाई सो विद्यालयमा रहँदा विद्यालयको शैक्षिक वातावरण खलल परेको वा खलल पर्नसक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भइ आएमा शिक्षकलाई अन्य विद्यालयमा कामकाजमा खटाउन सकिनेछ।

(५) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा पनि कामकाजमा खटाइ शिक्षक व्यवस्थापन गर्न सकिने।

(६) विद्यालय समायोजन, तह तथा कक्षा घटुवा भइ उक्त विद्यालयमा कार्यरत शिक्षक कर्मचारी अन्य व्यवस्थापन गर्नुपरेमा दरबन्दी आवश्यकता भएको अन्य विद्यालयमा दरबन्दी सहित सरुवा गरिनेछ।

(७) १५ दिनभन्दा बढी विद्यालयमा अनुपस्थित रहेको र पटक पटक जिम्मेवारी निर्वाहमा लापरवाही गरेको भनी विद्यालय व्यवस्थापन समितिबाट लेखी आएमा त्यस्ता शिक्षक कर्मचारीलाई अन्यत्र सरुवा गर्ने नियमानुसार विभागीय कारवाही समेत गरिनेछ।

(८) कामकाजमा खटाउँदा वा सरुवा वा शिक्षक कर्मचारी व्यवस्थापन गर्दा अपाङ्गता भएका शिक्षक र महिलालाई निजको आधारमा घर पायक पर्ने स्थानमा कामकाजमा खटाइ व्यवस्थापन गर्न प्राथमिकता दिइनेछ।

उमेश चन्द्र यादव
अध्यक्ष

(९) शिक्षकको माग अनुसार कामकाजमा खटाउदा एउटै विद्यालयमा धेरै शिक्षकको माग दाबी रहेमा शिक्षकको प्रशासनीक र शैक्षिक अवस्थको पहिचान गरी व्यवस्थापन समितिको सहमति भएका शिक्षकलाई पहिलो प्राथमिकता दिइनेछ।

(१०) गाउँपालिका भित्रका विद्यालयहरुमा २ वर्ष भन्दा बढी समय एउटै विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुलाई देहायको अवस्थामा गाउँ शिक्षा समितिको निर्णयानुसार कामकाजमा खटाइ शिक्षक व्यवस्थापन गर्न सकिनेछ।

क) तह, विषय र दरबन्दी मिल्नुका साथै दरबन्दी थप गरी विद्यालयको शैक्षिक अवस्था सुधारका लागि कार्यक्षमता राम्रो भइ अर्को विद्यालयमा कामकाज गर्न खटाइएको विद्यालयको शैक्षिक अवस्था सुधार हुने देखिएमा।

ख) कुनै विद्यालयमा दरबन्दी रिक्त हुदा तत्काल पदपूर्ती हुन नसकेको अवस्था देखिएमा विद्यालयमा अध्यापनरत शिक्षकको अवस्था आँकलन गरी रिक्त दरबन्दी भएको विद्यालयमा अर्को व्यवस्था नहुदासम्म गाउँ शिक्षा समितिले कामकाजमा खटाउन मनासिव देखेमा,

ग) मिल्दो विषयमा एउटै विद्यालयमा एउटै विद्यालयमा कम्तिमा २ वर्ष भन्दा बढी समयदेखि अध्यापन गर्दै आएका शिक्षकहरुब्रीच परस्पर कामकाजमा खटाउँदा शैक्षिक अवस्था सुधार हुने देखिएमा वा २ वर्ष एउटै विद्यालयमा कार्यरत शिक्षकहरुलाई गाउँ शिक्षा समितिले शैक्षिक अवस्था सुधारको लागि माध्यमिक तह र निम्नमाध्यमिक तहको विषयगत शिक्षक र प्राथमिक तहका शिक्षकलाइ कामकाजमा खटाइ शैक्षिक सुधार गर्न सक्नेछ।

घ) समयमा विद्यालयमा उपस्थित नहुने शिक्षक कर्मचारी,

ङ) विना जानकारी पटक पटक बिदामा बस्ने शिक्षक कर्मचारी,

च) विद्यालयको गोप्य सूचना अनाधिकृत रूपमा बाहिर दिएमा,

छ) शिक्षा, युवा तथा खेलकुद शाखा र प्रधानाध्यापकले दिएको आज्ञा पालना नगरेमा,

ज) विद्यालयको काम र जिम्मेवारीलाई प्राथमिकता नदिई समयमै काम सम्पन्न नगरेमा

झ) समाजमा विभाजन ल्याउने गरी राजनीतिमा सक्रिय रहेमा निर्वाचनमा भाग लिएमा वा चुनाव प्रचार प्रसारमा संलग्न रहेमा,

ञ) कार्यसम्पादन सम्झौता बमोजिम कार्य नगरेमा,

ट) पठनपाठन गर्ने विषयको नतिजा सन्तोषजनक नभएमा पटक पटक सुधार गर्ने मौका दिदाँ समेत सुधार गर्न नसकेमा।

ठ) गाउँपालिकाको कार्यसम्पादनमा असह्योग गर्ने र सामाजिक सञ्जालमा अफवाह फैलाएमा,

११ स्थायी नियुक्त भएको १ वर्ष नपुगेका शिक्षक, अनिवार्य अवकाश हुन १ वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षक कर्मचारीलाई निजको इच्छाविपरित एक विद्यालयबाट अर्को विद्यालयमा कामकाजमा खटाइने छैन। तर प्रशासनिक नेतृत्व गर्ने उदेश्यले समान विषय र दरबन्दी भएको ठाउँमा

उमेश चन्द्र यादव
अध्यक्ष

सोही विषय र दरबन्दीको सेवा अवधी एक वर्ष कम भएको शिक्षकलाई पनि अन्य विद्यालयमा सरुवा गर्न बाधा पर्नेछैन ।

१२ प्रारम्भिक बालविकास शिक्षकको हकमा बालविकास विद्यार्थी कम भएका, शैक्षिक योग्यता र माथिल्लो कक्षा पठनपाठन् गर्नसक्ने क्षमता भएका शिक्षकहरुलाई शिक्षक दरबन्दी कम भएका विद्यालयहरुमा व्यवस्थापन गर्न सकिने छ ।

**४. काम्रकाज खटाउने प्रक्रिया:**

क) शिक्षक व्यवस्थापन अन्तर्गत अर्को विद्यालयमा कामकाज गर्न खटाउनको लागि शिक्षा शाखाले शिक्षा समितिमा कामकाज खटाउने विवरण पेश गर्नुपर्दछ ।

ख) शिक्षक कामकाजमा खटाउने कार्यविधि र प्रक्रिया पूरा भइ पेस हुने शिक्षकको सरुवा विवरण गाउँ शिक्षा समितिको बैठकमा आवश्यक निर्णयार्थ पेश गरिनेछ । शिक्षक व्यवस्थापन अन्तर्गत कामकाजमा खटाउने वा नखटाउने अन्तिम अधिकार गाउँ शिक्षा समितिमा निहित रहनेछ । साथै निर्णय अनुमोदनको लागि गाउँ कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

ग) शिक्षक व्यवस्थापन अन्तर्गत कामकाजमा खटाउने वा नखटाउने अन्तिम अधिकार गाउँ शिक्षा समितिमा निहित रहनेछ र गाउँ शिक्षा समितिमा शिक्षकलाई कामकाजमा खटाउने उपरको प्रस्तावमा मत बाझिएमा बहुमतको आधारमा निर्णय हुने छ ।

घ) गाउँ शिक्षा समितिमा कामकाजमा खटाउने निर्णय भए पश्चात गाउँ शिक्षा शाखाले कामकाजमा खटाएका शिक्षकलाई कामकाजमा खटाएको पत्र उपलब्ध गराउनुपर्नेछ र विद्यालयले रमाना दिइ पठाउनु पर्ने र रमाना लिइ आउनेलाई अनिवार्य हाजिरी गराउनुपर्ने छ ।

ङ) कामकाजमा खटिने शिक्षकहरुको तलब भत्ता तथा वृत्ती विकासका सम्भावनाहरुको सम्पूर्ण अधिकार खटिएको विद्यालयमा नै रहनेछ । गाउँ शिक्षा समितिले विद्यालयको शैक्षिक अवस्थाको प्रभावकारिता हेरी सोही विद्यालयमा पदस्थापन गर्न सक्नेछ ।

**५) बाझिएको हद सम्म अमान्य हुने: यो कार्यविधी प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।**

**६. व्याख्या: यो कार्यविधिको प्रयोगमा दुविधा उत्पन्न भएमा गाउँपालिका शिक्षा समितिले गरेको व्याख्या अन्तिम हुनेछ ।**

२०७४।११।८

आज्ञाले

चिरन्जिवि घिमिरे

प्रमुख प्रशासकीय अधिकृत